**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
https://www.nepjol.info/index.php/scholars

# सुदूरपश्चिम प्रदेशका कैलाली-कञ्चनपुरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

भुवन भण्डारी
आमसञ्चार तथा पत्रकारिता विभाग, कैलाली बहुमुखी क्याम्पस, धनगढी
सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
Email: bhuwanb044@gmail.com

**Article History: Received**: 28 August 2021; **Revised**: 04 December 2021; **Accepted**: 06 December 2021

## लेखसार

विपद् व्यवस्थापन दिगो विकासको मुलभूत सिद्धान्तसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । प्रायः प्राकृतिक एवम् मानव सिर्जित प्रकोपका घटनाहरूबाट जोखिम बढ्दै गएको देखिन्छ । यस अनुसन्धानमा गुणात्मक विधि अन्तर्गत दस्तावेज अवस्था अध्ययन ढाँचाको प्रयोग गरिएको छ । यसको लागि विभिन्न दस्तावेज, पत्रपत्रिकाहरू, अनलाइन सामग्री जस्ता द्वितीयक अनुसन्धान उपकरणहरूको प्रयोग गरिएको छ। सुदूरपश्चिम प्रदेशका कैलाली-कञ्चनपुरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न सञ्चार साधनहरूको प्रयोग कसरी गरिएको छ भन्ने कुरा अन्वेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। यस अध्ययन अनुसार विपद् जोखिमको अवस्था उत्पन्न हुनुमा मुख्य कारण जनसंख्या बृद्धि नै हो भने अन्यमा प्राकृतिक स्रोतमाथिको अत्यधिक निर्भरता, विश्वव्यापी तापमान बृद्धि तथा उष्णीयकरणले मौसमी/जलवायुजन्य जोखिम रहेको छ । विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिकाकै आधारमा विपद् वा जोखिमबाट पर्नसक्ने तात्कालिक, अल्पकालिक/मध्यकालिक तथा दीर्घकालिक प्रभावको सही विश्लेषण, न्यूनीकरण तथा व्यवस्थापन प्रक्रियालाई संस्थागत गरी प्रत्येक जिल्लाको दिगो विकासको गतिलाई तीव्रता दिने उद्देश्य पनि स्पष्टै किटान गरिएका छन्। यसैकारण सन् २०१० देखि २०१९ सम्मको तथ्याङ्कलाई हेर्दा यस प्रदेशमा मात्रै बाढी तथा डुबानबाट १९१ वटा घटनाहरू घटिसकेकोमा कैलाली र कञ्चनपुरमा मात्रै २३ हजार ५ सय घरधुरी प्रभावित भएका छन् ।

***प्रमुख शब्दावली:*** सहश्राब्दी, दिगो विकास, उष्णीयकरण, जलवायु परिवर्तन, तापमान बृद्धि, राष्ट्रिय रणनीति

## परिचय

विपद् व्यवस्थापन सहश्राब्दी विकास लक्ष्य तथा दिगो विकासको मुलभूत सिद्धान्तसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । यद्यपि केही दशकयता प्राकृतिक एवम् मानव सिर्जित प्रकोपका घटनाहरूबाट जोखिम बढ्दै गएको देखिन्छ । यसमध्ये विपद् जोखिमको अवस्था उत्पन्न हुनुमा पहिलो कारण त

*Copyright 2021 ©Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

जनसंख्या बृद्धि नै हो भने अन्यमा अनियन्त्रित बसाईसराइँ, अव्यवस्थित सहरीकरण एवम्  अदूरदर्शी भौतिक संरचनाको निर्माणमा तीव्रता, प्राकृतिक स्रोतमाथिको अत्यधिक निर्भरता, विश्वब्यापी तापमान बृद्धि तथा उष्णीयकरणले मौसमी/जलवायुजन्य जोखिम निरन्तर बढिरहेकोले नै हो भन्न सकिन्छ । यसरी बढ्दै गएका जोखिम विपद्लाई न्यूनीकरण एबमं व्यवस्थापन गरी सुरक्षित समाजको विकासको गतिलाई प्रभावकारी र दिगो बनाउन सरकारी, गैरसरकारी तथा सञ्चार माध्यमको  भूमिका उत्तिकै महत्त्वपूर्ण छ । यसै परिप्रेक्ष्यलाई ध्यानमा राखेर नेपाल सरकारले 'विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६' कै अधीनमा रहेर स्थानीय स्वायत्त शासन ऐन २०५५ ले प्रदान गरेको अधिकार प्रयोग गरी जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६९ स्वीकृति गरेर संशोधनसहित लागु समेत गरिसकेको अवस्था छ ।

जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिकाकै आधारमा विपद् जोखिमबाट पर्नसक्ने तात्कालिक, अल्पकालिक/मध्यकालिक तथा दीर्घकालिक प्रभावको सहीविश्लेषण, न्यूनीकरण तथा व्यवस्थापन प्रक्रियालाई संस्थागत गरी प्रत्येक जिल्लाको दिगो विकासको गतिलाई तीब्रता दिने उद्देश्य पनि स्पष्टै किटान गरिएका छन् । यस निर्देशिकालाई अध्ययन गर्दा प्रत्येक जिल्लाको आबधिक र बार्षिक कार्यक्रममा विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्न सघाउ पुग्ने अपेक्षा समेत गरिएको देखिन्छ । हरेक जिल्लाले जिल्ला प्रमुखको नेतृत्वमा विपद् जोखिम व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना समितिको समेत परिकल्पना गरी लागु गर्नुले जोखिमयुक्त क्षेत्रको पहिचानले तत्कालै कार्यगत प्रक्रियालाई अविलम्ब अगाडि बढाउन जोड दिएको प्रष्टै हुन्छ ।

नेपालले हरेक वर्ष प्राकृतिक तथा गैर प्राकृतिक विपद् जोखिमका कारण अरबौँ रुपैयाँ बराबरको भौतिक क्षतिको सामना गरिरहेको छ । हरेक आर्थिक बर्षलाई अध्यन गर्दा औसतमा प्रत्येक बर्ष दुईसय भन्दा बढी मानिसले अकालमा ज्यान गुमाउनु परिरहेको छ । क्षतिको सामना गरिरहेको छ । नेपाल विपद्का कारण अत्यधिक प्रभावित भइरहने मुलुक हो भन्दा फरक नपर्ला । किनभने भूकम्पीय जोखिमका हिसाबले नेपाल विश्वका १९ मुलुकमध्ये ११औँ स्थानमा, जलउत्पन्न प्रकोपको हिसाबले ३० औँ र जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिमका हिसाबले चौथो स्थानमा रहेको छ, जसका कारण देशका अधिकांश क्षेत्र बाढी, पहिरो, महामारी, आगलागी, शीतलहर, हिमपहिरो, हिमताल विस्फोटन तथा भूकम्पको जोखिममा रहेका छन् । यिनै दृष्टान्तलाई ध्यानमा राखेर केन्द्र सरकारदेखि स्थानीय तहसम्मलाई विपद् जोखिम व्यवस्थापनका लागि पूर्वतयारी एवम् प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्न तत्परता देखाउन अब ढिलाइ गर्नु हुँदैन । जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, जनउत्तरदायी, समावेशी तथा जिम्मेवार हुन स्थानीय स्वायत्त शासन ऐन २०५५ को अधिकार प्रयोग गरेर जिल्ला प्रशासन कार्यालय तथा स्थानीय पालिकाहरूले आफ्नो कार्यक्षेत्र भित्रका विपद् वा जोखिमहरूको पहिचान गरी त्यसै अनुरूपका कार्ययोजनालाई समितिमार्फत् कार्यान्वयन गर्नु आवश्यक छ ।

जोखिम व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विकास साझेदार निकायहरूमध्ये दातृ निकाय, संयुक्त राष्ट्र संघीय निकायहरू, रेडक्रस तथा राष्ट्रिय गैरसरकारी संस्थालाई साथमा लिएर मात्रै प्रदेश सरकार, जिल्ला प्रशासन तथा स्थानीय तह वा पालिकाहरूले विपद् जोखिम न्यूनीकरण एबम् व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन् । देशको भौगोलिक विषमतालाई मध्यनजर गरेर विपद् वा जोखिमको सर्वप्रथम पहिचान एबम् किटान गर्नु पर्ने आवश्यकता यतिबेलाको टड्कारो सवाल हो ।

सुदूपश्चिम प्रदेशको हकमा संघीय सरकार, प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालयहरू तथा स्थानीय तहहरूले विपद् जोखिमका क्षेत्रहरूलाई विपद् पूर्वतयारी तथा न्यूनीकरण प्रतिकार्य योजनाका रूपमा परिभाषित गरेर त्यसै अनुरूप कार्यक्रम सञ्चालन गर्ने गरेको छ । प्रदेश सरकारले विपद् व्यवस्थापन योजना २०७७ जारी गर्दै यस प्रदेशका २५ लाख भन्दा बढी जनसंख्यालाई विपद् मुक्त राख्ने योजनामा उल्लेख गरेको छ । उक्त योजनामा उल्लेख गरे अनुसार भूकम्प, बाढी तथा पहिरो, डुबान, चट्याङ, खडेरी, हिमपात, अतिबृष्टि तथा असिनापानी, अनाबृष्टि, हुरीबतास, शीतलहर, तातो हावाको लहर (लु लाग्नु), वन डढेलो, महामारी, अनिकाल, किटजन्य तथा पशुपंक्षीय फ्लु, सर्पदंश, जङ्गली जनावरको आक्रमण (निकुञ्ज क्षेत्र) औद्योगिक दुर्घटना, आगलागी, वातावरणीय प्रदूषणजस्ता प्राकृतिक एवम् गैरप्राकृतिक घटनाहरूले धनजन क्षतिको भयावह र कहाली लाग्दो चित्रण गरिएको छ । "जसअनुसार सन् २०१० देंखि २०१९ सम्मको तथ्याङ्कलाई प्रदेश सरकारको योजनामा समेटिए अनुसार ३ हजार १ सय १५वटा प्राकृतिक तथा गैरप्राकृतिक प्रकोप वा जोखिमका घटनाहरू घटेका देखिन्छन् । जसमा ९ सय ९८ जनाको मृत्यु भएको छ भने १७१ जना वेपत्ता भएको तथ्याङ्कमा उल्लेख गरिएको छ"(प्रादेशिक विपद् व्यवस्थापन योजना २०७७, सुदूरपश्चिम प्रदेश सरकार) ।

त्यस्तै प्राकृतिक एवम् गैरप्राकृतिक प्रकोपमा परेर ७८५जना घाइते भएका, ५० हजार ९६८ घर परिवार अति प्रभावित भएकोमा १ हजार ३७९ निजी तथा ६ हजार ९४१ घरहरू पूर्ण तथा आंशिक रूपमा क्षति भएको तथ्याङ्कले भयावह अवस्थालाई चित्रण गर्दछ । यस अवधिमा मात्रै प्रदेशमा ५४५ वटा आगलागीका घटनाहरू घटेका देखाएको छ । जसमा कैलाली र कञ्चनपुर जिल्ला आगलागीबाट सबैभन्दा बढी प्रभावित भएका छन् । विशेषगरी यस प्रदेशका ठुला ३ वटा नदीमध्ये सेती, महाकाली र कर्णालीका सहायक तथा मुख्य जलाधारबाट उत्पन्न भएका नदीनालाहरूले ल्याउने बाढीकै कारण विशेष गरी कैलाली र कञ्चनपुर बढी जोखिममा परेका छन् । जसको कारण अत्यधिक जमिन कटान र भू-क्षय हुनु, भू-स्खलनले जमिनको सतह जल प्रकोपको आधार क्षेत्रमा परिणत हुनु पनि अर्को पक्ष हो । यसैकारण २०१० देखि २०१९ सम्मको तथ्याङ्कलाई हेर्दा यस प्रदेशमा मात्रै बाढी तथा डुबानबाट १९१ वटा घटनाहरू घटिसकेकोमा कैलाली र कञ्चनपुरमा मात्रै २३ हजार ५सय घरधुरी प्रभावित भएका छन् । त्यस्तै सन् १९९७ र १९९८ मा बैतडीमा आएको बाढीबाट मात्रै ५ हजार ७४५ घरधुरी उच्च जोखिममा परेको र प्रभावित भएको तथ्याङ्कले देखाएको छ । समग्रमा देशलाई विपद्बाट मुक्त राख्ने उद्देश्यले नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुरूप जुनसुकै किसिमको विपद् जोखिमको व्यवस्थापनका लागि समन्वयात्मक, साझेदारीमूलक, प्रभावकारी र संस्थागत एवम् संरचनागत प्रयासहरूको ढाँचा तय गरेको छ । साथै 'विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५' ले त नेपाल सरकार र मातहतका निकायहरूले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका

लागि अवलम्वन गर्नुपर्ने नीतिगत व्यवस्थालाई उल्लेख गरेको देखिन्छ । तसर्थ, यस अध्ययनको मुख्य उद्देश्य सुदूरपश्चिम प्रदेशका कैलाली तथा कञ्चनपुरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सवालमा भइरहेका कार्य तथा योजनाहरूको अवस्था पहिचान गर्नु नै रहेको छ ।

सुदूरपश्चिम प्रदेशले सदियौंदेखि भोग्दै र सामना गर्दै आएको विभिन्न प्रकारका विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापनका सवालमा औपचारिक तथा अनौपचारिक खोज अनुसन्धानहरू  नभएको देखिन्छ । विदेशमा भने भारतमै सरकारी तहबाट विपद् जोखिम व्यवस्थापन प्राधीकरणकै पहलमा विभिन्न समयमा अध्ययन अनुसन्धानहरू भइरहेका छन् भने विश्वमा इन्डोनेसियामा उत्पन्न विपद्हरूको पहिचान तथा व्यवस्थापनका हकमा विश्वविद्यालय, गैर सरकारी निकाय तथा दातृनिकायले समेत अध्ययन अनुसन्धानमार्फत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका वैज्ञानिक आधारसहितका प्रतिकार्य योजनाहरू तय गरेर सरकारलाई सहयोग गर्ने गरेका छन् । नेपालमा २०७२ सालमा आएको भूकम्पको जोखिम न्यूनीकरण तथा व्यवस्थापनको विषयमा शेषकान्त काफ्लेले विपत् न्यूनीकरण सम्बन्धी 'ह्युगो कार्यढाँचा २००५-२०१५' र विपद् जोखिम न्यूनीकरण सम्बन्धी सेण्डाई कार्यरूप २०१५-२०३० को कार्यान्वयनमा जोड दिएका छन् । उनको यस अध्ययन प्रतिवेदनले विपद्बाट उत्पन्न हुनसक्ने जोखिको सामना गर्न स्थानीय सर्वसाधारणसँगै अगाडि बढ्न सके मात्र दिगो विकास सुनिश्चित हुनुका साथै भविष्यमा आइपर्ने जोखिमबाट जनधनको क्षति समेत कम हुने निष्कर्ष निकालेका छन् (काफ्ले, २०१७) । त्यस्तै नेपालमा सवैभन्दा जोखिमका रूपमा रहेको भूकम्पबाट उत्पन हुने भौतिक तथा अभौतिक क्षतिबाट जोगिन अत्याधुनिक सञ्चार प्रविधिमध्ये 5G तथा सोसल मिडियाको भरपुर प्रयोगमा जोड दिनुपर्ने निष्कर्ष रावत र अन्यले (२०१५) गरेको अध्ययनले देखाएको छ । यी दुईवटा अध्ययन बाहेक नेपालले सामना गर्दै आएका व्यापक जनधनको क्षतिमा आधारित विपद्हरूको सही व्यवस्थानका हकमा केही विज्ञहरूले आमसञ्चार माध्यममा लेखहरूसम्म प्रकाशन गरेका देखिन्छन् । यिनै लेख तथा अन्तर्राष्ट्रिय क्षेत्रमा केही विज्ञहरूले अध्ययन अनुसन्धाहरूलाई आधार मानेर सुदूरपश्चिम प्रदेशमा विगतदेखि वर्तमानसम्म घटिरहेका प्राकृतिक तथा गैरप्राकृतिक विपद् जोखिम पहिचान गर्न एवम् त्यसको दीर्घकालीन समाधानका उपायहरू पहिल्याउन राज्य पक्षसँग आमसञ्चार माध्यमले कसरी र किन अहम् भूमिका खेल्नु आवश्यक छ भन्ने यथार्थ उदाङ्गो पार्न यस विषयलाई अध्ययनको दायरामा ल्याउने प्रयत्न गरिएको छ ।

## अध्ययन विधि

यस अनुसन्धानमा गुणात्मक विधि अन्तर्गत दस्तावेज अवस्था अध्ययन ढाँचाको प्रयोग गरिएको छ । यसको लागि विभिन्न दस्तावेज, पत्रपत्रिकाहरू, अनलाइन सामग्री जस्ता द्वितीयक अनुसन्धान उपकरणहरूको प्रयोग गरिएको छ । यो घटनावली अध्ययन विधि भएकोले यसमा पुस्तकालय, विश्लेषण तथा व्याख्यात्मक विधिको अधीनमा रही यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउन तथ्याङ्करूको सङ्कलन, प्रयोग र पहिचान गरिएको छ । यसको लागि सन् २०१० देखि २०१९ सम्मको तथ्याङ्कलाई आधार मानी सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुरमा घटेका बाढी तथा डुबानका घटनाहरूको अध्ययन गरिएको छ । यसरी प्राप्त तथ्याङ्कलाई थिमका आधारमा प्रस्तुत गरी व्याख्या गरिएको छ ।

### विपद् जोखिम न्यूनीकरणका प्रयासहरू

विपद्का हिसाबले बाढीको उच्च जोखिममा रहेको कैलालीका १३ वटा स्थानीय तहमध्ये धनगढी उपमहानगरपलिकाले पनि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ जारी गरेको छ। उक्त प्रतिकार्य योजनाले उपमहानगरपलिकाका जोखिम वा विपत्का क्षेत्रहरुमध्ये बाढी र डुबान, हावाहुरी, कृषिबालीमा रोग किराको प्रकोप, आगलागी, शीतलहर, खडेरी, पशुरोग, असिनापानी, जङ्गली जनावर आतङ्क र सडक दुर्घटना जस्ता जोखिम तथा प्रकोपहरूको पहिचान गरेको छ। करिब २६१.७५ वर्ग किलोमिटरमा फैलिएको धनगढी उपमहानगरपालिकामा १९ वटै वडाको कूल जनसंख्या १ लाख ४७ हजार ७४१ जना रहेको छ। समुद्री सतहबाट १७५ देखि २१६ मिटरको उचाईमा अवस्थित यस प्रदेशको सबैभन्दा महत्त्वपूर्ण व्यापारिक तथा सामरिक महत्वको क्षेत्र नै यही हो। धनगढी उपमहाानगर पलिकाको उपोष्ण हावापानी भएकोले यहाँ गर्मीमा अधिकतम् तापक्रम ४६ डिग्री सेल्सियस तथा जाडो मा न्यूनतम तापक्रम ५ डिग्री सेल्सियससम्म कायम हुने गरेको तथ्याङ्कले देखाउँछ। यसलाई पनि यस क्षेत्रको सबैभन्दा ठुलो जोखिम र विपद्का रूपमा लिने गरिन्छ।

तालिका १

*कैलाली जिल्लाको हकमा पहिचान गरिएका विपद्मध्ये सबैभन्दा गम्भिर प्रकृतिका जोखिम तथा त्यसबाट उत्पन्न भएको बार्षिक नोक्सानी र क्षतिको विवरणलाई जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको प्रतिवेदनमा उल्लेखित तथ्याङ्क*

| प्रकोप | | | जिल्ला आपत्कालिन कार्यसंचालन केन्द कैलालीका अनुसार बार्षिक क्षतिको तथ्याङ्क | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | २००८ | २००९ | २०१० | २०११ | २०१२ | २०१३ | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० |
| भूकम्प | प्रभावित घरधुरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | पूर्णक्षती घरधुरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | मृत्यु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| बाढी तथा डुबाई | प्रभावित घरधुरी | २३६६० | २०४३६ | ५६७ | ० | ३२१४ | ५७६८ | २२२३ | ० | ६०० | ७३५४ | ० | ९८ | |
| | पूर्णक्षती घरधुरी | १५११४ | ७५६२ | २१२ | १५ | १६१ | ३७१ | ११४ | ० | १३४ | १६१ | ० | ० | |
| | मृत्यु | २६ | २ | ० | ० | ० | ० | ६ | ० | ० | ० | ५ | ० | |
| पहिरो र भू-क्षय | प्रभावित घरधुरी | ० | ० | ० | ० | ० | ० | १० | ० | ० | ० | ० | ० | |
| | पूर्णक्षती घरधुरी | ० | ० | ० | ० | ४ | ३ | ४ | ० | ० | ० | ० | ० | |
| | मृत्यु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| आगलागी | प्रभावित घरधुरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ६५ | ५३ | ९० | १०२ | |
| | पूर्णक्षती घरधुरी | १३ | १०३ | ८३ | ९६ | ९० | ९५ | ६६ | ० | ६५ | ५० | ९० | ५१ | |
| | मृत्यु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| सवारी दुर्घटना | सामान्य घाईते | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १२० | ४१ | |
| | गम्भीर घाईते | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७० | ९८ | |
| | मृत्यु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ९५ | ५५ | |
| शितलहर | प्रभावित घरधुरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७०० | ५८२ | ५६४ | |
| | मृत्यु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| हावाहुरी | प्रभावित घरधुरी | ० | ० | ० | ० | ० | ० | ० | ३६ | ३० | २७०० | ३ | ६४७५ | |
| | पूर्णक्षती घरधुरी | ० | ० | १५ | ३ | ४ | ३ | ४ | १२ | ८ | २३४८ | | ६४७५ | |
| | मृत्यु | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | ० | २ | |
| कोभिड १९ | प्रभावित संख्या | | | | | | | | | | | | | ९५१० |
| | मृत्यु | | | | | | | | | | | | | ५३३ |
| सर्पदंश र जनावरको आंतक | प्रभावित घरधुरी | ११० | ४० | १४६ | ६० | ० | ० | ० | १८६ | २१५ | १३ | २९६ | ९९ | |
| | पूर्णक्षती घरधुरी | NA | NA | NA | NA | NA | NA | NA | NA | ० | ० | ० | ० | |

*स्रोतः जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८, नेपाल सरकार गृह मनत्रालय*

विगत ३५ वर्षको अवधिमा ५१ पटक भन्दा बढी साना ठुला बाढीका घटनाहरू भएका छन् । जसमा १५ जनाको ज्यान गएको छ भने ७३३ घरधुरी विस्थापित भएकोमा १ हजार ६५ विगाहा खेतियोग्य जमिन कटान भएको उपमहानगरपालिकाको प्रतिकार्य योजना २०७६ मा समेटिएको छ (उपमहानगरपलिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६) । विपद्को समग्र व्यवस्थापन, सूचना प्रवाहीकरण, खोज तथा उद्धार कार्यको सामान्य पूर्वतयारी योजना अन्तर्गत धनगढी उपमहानगर पालिकाले नगर विपद् व्यवस्थापन समितिमार्फत् आइपर्ने विपद् वा क्षति नोक्सानीको मूल्याङ्कनका लागि सर्वेक्षण टोली गठन वा पुनर्गठन गर्ने, वडा विपद् व्यवस्थापन समितिहरू परिचालन गर्ने, बाढी वा डुबानबाट उच्च जोखिममा रहेका गर्भवती-सुत्केरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, ज्येष्ठ नागरिकको उद्धार र संरक्षणका तरिकाहरूबारे जानकारी पुस्तिका तयार गर्ने वा प्रकाशन गर्ने जस्ता पूर्वतयारीका योजनाहरू अगाडि सारेको छ । उपमहानगरपालिको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ मा समग्र व्यवस्थापन सूचना, खोज तथा उद्धार क्षेत्रको पुर्वानुमानमा आधारित पूर्वतयारीको योजना समेत समेटिएको छ । यसै अभ्यास अनुरूप कैलालीको टिकापुर नगर पालिका, कर्णाली र गरिजापुरी बाँधको कारण हरेक बर्ष पूर्ण रूपमा बाढी र डुबानको मारमा परेकोले पनि आफ्नो पालिका मार्फत् हुने राहत उद्धारको पूर्वतयारी गरेको छ । अन्य ११ वटा पालिकाहरूले पनि आ-आफ्नो किसिमबाट निर्देशिका तथा प्रतिकार्य योजनामा विपद् जोखिम न्यूनीकरणका योजना तथा कार्यक्रम समेटेको पाइएको छ । धनगढी उपमहानगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) का आधारमा नगर विपद् व्यवस्थापन समिति गठन गरिएको छ । विपद् व्यवस्थापनका कार्यहरूलाई थप सहयोग पुऱ्याउन नगर विपद् व्यवस्थापन समिति अन्तर्गत एक उपसमिति गठन गरी योजना र समन्वयका काम अघि बढाइएको देखिन्छ । त्यस्तै यस उपमहानगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा समेत स्थापना गरिएको छ । यसैगरी, उपमहानगरपालिकाका १९ वटै वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएका छन् । नगरपालिकामा विपद् व्यवस्थापन कोशको समेत स्थापना गरिएको छ । उपमहानगरपालिका स्तरमा विपद्व्यवस्थापन सम्बन्धी थप नीति, ऐन तथा आवश्यक मार्गदर्शनहरू बन्ने क्रममा रहेका छन् (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४)।

**विपद् जोखिमको पहिचान र व्यवस्थापनका योजना**

विपद् जोखिमको उच्च स्थानमा रहेका विश्वका २० मुलुकमा नेपाल पनि पर्छ। विभिन्न अध्ययनले देखाए अनुसार जलवायु परिवर्तनजन्य विपद् जोखिमका हिसाबले नेपाल चौथो स्थानमा, भूकम्पीय विपद् जोखिमका हिसाबले ११औँ स्थानमा, बहुप्रकोपीय विपद् जोखिमका हिसाबले २०औँ स्थानमा र बाढी पहिरोजन्य विपद् जोखिमका हिसाबले ३०औँ स्थानमा पर्छ (तुलाधर, २०७६)।

प्राकृतिक विपत्को उच्च जोखिममा रहेका देशमध्ये नेपाल पनि एक हो । जसको कारण विपद्ले सम्पूर्ण क्षेत्रलाई उत्तिकै प्रभावित गरिरहेको छ भने त्यससँग प्रत्यक्ष रुपमै जोडिएको पत्रकारिता तथा आमसञ्चार क्षेत्र नपर्ने त कुरै भएन । जोखिम वा विपद्का सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यम मार्फत् सूचना सम्प्रेषण गर्ने मिडिया क्षेत्रलाई जोखिमको पूर्ण रुपमा सामना गर्नसक्ने गरी उत्थानशील वनाउन उत्तिकै चुनौतीपूर्ण पनि छ । त्यसका लागि मानवीय जोखिम वा विपद्बाट सचेत

वनाउने सूचना प्रवाह गर्ने मिडिया क्षेत्रको भूमिकालाई अझ प्रभावकारी र सशक्त बनाउन, सन्तुलित एवम् विश्वसनीय समाचार सम्प्रेषण गर्ने अभ्यास सुनिश्चित गर्न विश्वविद्यालयहरूले पाठ्यक्रम निर्माणमा जोड दिनु आजको मुख्य आवश्यकता हो भन्ने वोध गर्नुपर्छ । किनभने, विपद् के हो? विपद् जोखिमका सम्भाव्य अवस्था के के हुन् ? त्यस्ता विपद् जोखिमबाट उत्पन्न हुने मुख्य खतरा वा चुनौतिहरु के के हुन्? विपद् जोखिमको सम्बोधनका लागि गरिनु पर्ने पूर्वतयारी के के हो ? आइपर्ने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका योजना एवम् रणनीति के के हुनसक्छन्? राज्यका विभिन्न निकाय तथा सरोकारवाला पक्षसँग हातेमालो गरेर कसरी अगाडि बढ्न सकिन्छ भन्ने जस्ता नवचेतना र दृष्टि प्रदानकर्ताको भूमिकामा मिडिया नै रहन्छ भन्ने विश्वव्यापी मान्यता अङ्गीकार गरेको हुनुपर्छ । तसर्थ, मिडियामा लामो अनुभव हासिल गरेको मात्र नभई विपद् रोकथाम, न्यूनीकरण तथा व्यवस्थापनका हरेक सवालमा कार्यक्षेत्रमै रहेर ज्ञान सिप हासिल गरेको सञ्चारकर्मीले मात्रै जनताको सहभागितामा यस्ता जोखिम वा विपद्को सामना गर्ने वा सम्वोधन गर्न सक्छ भन्ने नीति वा कार्यविधि निर्माणमा मार्ग प्रशस्त गर्न आवश्यक छ । किनभने त्यस्तो व्यक्तिले विपद्का समयमा आफू सुरक्षित रहेर अरूलाई पनि सुरक्षित गराउन सक्नु नै जुनसुकै विपद्को सामना गर्न राज्यपक्ष पनि तयारी अवस्थामा छ भन्ने सन्देश प्रवाह हुन सक्छ ।

जापानको सेन्दाइ सहरमा सन् २०१५ मा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सवालमा विश्व सम्मेलनको आयोजना गरिएकोमा १ सय ८७ देशले सहभागिता जनाएको थियो । उक्त विपद् जोखिम न्यूनीकरणका लागि विश्व सम्मेलन नाम दिइएको त्यस सम्मेलनमा नेपाल पनि सहभागी थियो। सम्मेलनमा हरेक देशले एउटा सहमतिमा हस्ताक्षर गरे कि सन् २०३० सम्ममा विभिन्न विपद् जोखिमलाई आधा घटाउने र मर्नेको संख्यामा पनि आधाले घटाउने भन्ने उल्लेख छ (तुलाधर, २०७६) ।

तालिका २

*नेपाल सरकार गृह मन्त्रालयको अध्ययन प्रतिवेदन २०७८ अनुरूप मनसुन पूर्वतयारी र प्रतिकार्य २०७७ कार्ययोजनामा उल्लेख भए बमोजिम २०६८ देखि २०७६ सम्म यस कैलाली जिल्लामा बाढीका कारण भएको जनधनको क्षति सम्बन्धी तथ्यङ्क*


विगत ९ वर्षमा देशभर बाढीले झण्डै ८ सय जनाको ज्यान लिएको छ। ५ सय भन्दा बढी बेपत्ता भएका छन् । यस हिसाबले बाढीले वर्षेनी सरदर १५० जनाको ज्यान लिने गरेको देखियो । बाढीले वर्षेनी सय भन्दा बढीलाई घाइते बनाउने गरेको छ । घर, गोठ, खेतबारी र अन्य भौतिक संरचनामा बाढीले वर्षेनी औसतमा १ अर्ब ८५ करोड रुपैयाँ भन्दा धेरैको क्षति पुर्याउने गरेको देखिएको छ ।

गत वर्ष मनसुनमा औसत पानी परे तापनि बाढीमा परेर ७३ जनाको ज्यान गयो । १ अर्ब रुपैयाँ भन्दा बढीको भौतिक क्षति भएको अनुमान गरिएको छ ।

मनसुन पूर्वतयारी र प्रतिकार्य, २०७७, भाग-१ ४

बाढीले विगत ९ वर्षमा पुर्याएको क्षतिको विवरण

| मिति अवधि | घटना | घटना-संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित-परिवार | घरक्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| वि.सं. २०६८ देखि वि.सं. २०७६ सम्म | बाढी, अचानक बाढी | १५१४ | ७९६ | ५०९ | १६९ | ६४४२२ | ४१८३० | ११११२४ | २९५ | १८७ | १६६५७७०७८८ |




स्रोतः मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना (२०७७), नेपाल सरकार गृह मन्त्रालय

स्थानीय तहहरूले पनि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जारी गरेर आफ्नो पालिकाभित्र रहेका जोखिमका क्षेत्रहरूको पहिचान र विपद् जोखिम न्यूनीकरणका पहलहरू अगाडि बढाएका देखिन्छन् ।

तालिका ३

*कैलाली जिल्लाका १३ वटा स्थानीय तहमध्ये प्रकोप जोखिम आँकलन गर्दा बाढी, डुबान, आगलागी, उपोष्ण प्रदेशीय महामारी, भूकम्प, हुरीबतास, शीतलहर, सडक दुर्घटना, चट्याङ र कोभिड १९ को उच्च जोखिममा रहेका धनगढी उपमहानगरपालिका, कैलारी गाँउपालिका, भजनी नगरपालिका र टिकापुर नगरपालिका रहेको उल्लेख*

| प्रदेश/जिल्ला/गा. पा./ न. पा. | सम्भावित प्रकोपको स्तर (१ निम्न- ५ उच्च) | | | | | | | | | | विपद्को प्रभाव (मृतक संख्या वाविस्थापीत संख्या) | संकटासन्नता को स्तर(निम्न, मध्यम, उच्च) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी | पहिरो | आगलागि | महामारी | भूकम्प | शीतलहर | हुरीबतास | सडक दुर्घटना | कोभिड १९ | चट्याङ | | |
| धनगढी उपमहानगर | ५ | ० | ४ | ३ | ५ | ५ | ५ | ५ | ५ | ५ | उपलब्ध हुन नसकेको | उच्च |
| कैलारी गाउँपालिका | ५ | ० | ५ | ४ | ५ | ५ | ५ | ३ | ५ | ५ | उपलब्ध हुन नसकेको | उच्च |
| भजनी नगरपालिका | ५ | ० | ५ | ४ | ५ | ५ | ४ | ४ | ५ | ४ | उपलब्ध हुन नसकेको | उच्च |
| टीकापुर नगरपालिका | ५ | ० | ४ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | उपलब्ध हुन नसकेको | उच्च |
| लम्किचुहा नगरपालिका | ३ | ० | ४ | ४ | ५ | ५ | ४ | ५ | ५ | ४ | उपलब्ध हुन नसकेको | मध्यम |
| बर्दगोरिया गाउँपालिका | ३ | ० | ४ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | उपलब्ध हुन नसकेको | मध्यम |
| जानकी गाउँपालिका | ४ | ० | ४ | ३ | ५ | ५ | ४ | ४ | ५ | ४ | उपलब्ध हुन नसकेको | मध्यम |
| जोशीपुर गाउँपालिका | ३ | ० | ४ | ४ | ५ | ५ | ४ | ३ | ५ | ४ | उपलब्ध हुन नसकेको | मध्यम |
| घोडाघोडी नगरपालिका | ५ | ० | ४ | ३ | ५ | ५ | ४ | ५ | ५ | ४ | उपलब्ध हुन नसकेको | उच्च |
| गौरीगंगा नगरपालिका | ३ | ० | ४ | ४ | ५ | ५ | ४ | ५ | ५ | ४ | उपलब्ध हुन नसकेको | मध्यम |
| गोदावरी नगरपालिका | ३ | १ | ४ | ३ | ५ | ४ | ५ | ५ | ५ | ५ | उपलब्ध हुन नसकेको | मध्यम |
| चुरे गाउँपालिका | २ | ५ | २ | ५ | ५ | ३ | ३ | ५ | ५ | ३ | उपलब्ध हुन नसकेको | उच्च, |
| मोहन्याल गाउँपालिका | २ | ५ | २ | ५ | ५ | ३ | ३ | ३ | ५ | ३ | उपलब्ध हुन नसकेको | मध्यम |

स्रोतः जिल्ला विप्द पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८

कैलाली जिल्लाको समग्र विपद् तथा जोखिमको अवस्थालाई न्यूनीकरण गर्ने गरी जिल्ला प्रशासन कार्यालयको मातहतको विपद् जोखिम व्यवस्थापन समिति क्रियाशील छ (जिल्ला विप्द पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८, संशोधित २०७८) । यस जिल्लामा समन्वय, सूचना व्यवस्थापन, खोज तथा उद्धारको कार्य, खाद्य सुरक्षाको प्रत्याभूतिको पक्ष, आपत्कालिन आश्रयस्थल एवम् गैरखाद्य सामाग्रीको पहिचान,स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन, आपत्कालिन शिक्षा तथा सचेतना कार्यक्रम, अति जोखिम वर्ग/समुदायको उद्धार-संरक्षण, खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्वद्धनको पूर्णलाभ वा विपद्को क्षति पहिचान आवश्यक अध्ययन सर्वेक्षण, खोज जस्ता मुलभूत कुराहरुलाई आधार मानिएको छ । यसको अर्थ हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति क्रियाशील रहेको छ । त्यसले नै विपद् सम्बन्धी साझा धारणा निर्माण तथा उद्धारकर्ताको सङ्गठनात्मक भूमिका, प्रक्रिया र पद्धतिमा सुधारका लागि गृह मन्त्रालय मातहतका विभिन्न निकाय र क्षेत्र, राष्ट्र संघीय निकाय, अन्तर्राष्ट्रिय गैर सरकारी दातृ संस्था, नेपाल रेडक्रस सोसाइटी तथा सरकार सम्बद्ध जिल्ला कार्यालयको सङ्लग्नतामा राहत, उद्धार तथा जोखिम व्यवस्थापनका कार्यहरू सञ्चालन गरिरहेका छन् । "विगतको अवस्था झैँ आगामी दिनमा पनि जनसंख्या बृद्धि तथा हुलाकी राजमार्गको निमार्णका कारण करिब ४० हजार जनसंख्या र ८ हजार घरधुरी विस्थापन हुन सक्ने अनुमान जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामासमेटिएको देखिन्छ । जसअनुसार जिल्लाका १३वटा पालिकामध्ये बाढी, डुबान, आगलागी, उपोष्ण प्रदेशीय महामारी, भूकम्प, हुरीबतास, शीतलहर, सडक दुर्घटना, चट्याङ र कोभिड १९ को उच्च जोखिममा धनगढी उपमहानगरपालिका, कैलारी गाँउपालिका,भजनी नगरपालिका र टिकापुर नगरपालिका रहेको उल्लेख गरिएको छ "(आपत्कालिन सञ्चार प्रणालीको तहगत आबद्धता सञ्चालन मापदण्ड २०७७) । सुदूरपश्चिमले सामना गरिरहेकायी नै जोखिम तथा विपद्हरूलाई ध्यानमा राखेर प्रकोप पूर्वानुमान तथा पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाउन यस जिल्लामा १५ वटा बर्षा मापन र १५ वटा जल मापन केन्द्रहरू सञ्चालनमाल्याई यी केन्द्रहरूबाट प्राप्त सूचनाका आधारमा जल तथा मौसम विज्ञान विभाग महाकाली बेसिन कार्यालयले सम्भावित प्रभावितहरूको समुदायसम्म सूचना प्रवाह गर्न जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रले प्राप्त सूचना परीक्षण गरी आधिकारिक सूचना जिल्ला बाढी पूर्व सूचना संयन्त्र तथा सुरक्षा निकायका अङ्गहरू मार्फत प्रवाह गर्ने गरेको देखिन्छ । वि.सं. २०४० सालमा भारतको उत्तरप्रदेशको घाँघरा नदीमा कैलाली र बर्दीया जिल्लाको सिमानामा पर्ने कैलासपुरी (गिरिजापुरी) बाँधले यस जिल्लामा बर्षेनी डुबानको अवस्था पैदा गर्ने भएकाले वर्षात्को समयमा सबैभन्दाजोखिममा टिकापुर नगरपालिका, कैलारी गाँउपालिका, भजनी नगरपालिका तथा धनगढी उपमहानगरपालिकासँग समन्वय गरी विप्द जोखिम न्यूनीकरण र व्यवस्थापनका सूचना सम्प्रेषण गर्ने संयन्त्र तय गरेको देखिन्छ । कञ्चनपुर जिल्लाको हकमा विपद्का मुख्य क्षेत्रमध्ये ३ वटा भारतीय बाँधलाई औँल्याइएको छ ।

*तस्विर १*

तत्कालीन श्री ३ चन्द्र शमशेरको पालामा सन् १९१८ देखि निर्माण कार्य भई १९२८ मा पूरा भएको भारतको उत्तरप्रदेशको लखिमपुर खिरी जिल्लाको शारदा बाँध, भारतले कैलालीको कोटियाघाट सिमामा बनाइएको कैलाशपुरी बाँध र सन् १९८१ मा निर्माण भई १९९५ मा सम्पन्न भएको टनकपुर बाँध



*स्रोत: विभिन्न अनलाइन माध्यम*

"सन् २००५ मा सुरु भएको दार्चुला जिल्लाको १६ किलोमिटर उत्तरपश्चिममा निर्माण भएको उत्तर ाखण्डको पिथौरागढ जिल्लाको धौलीगंगा बाँध, तत्कालीन श्री ३ चन्द्रशमशेरको पालामा सन् १९१८ देखि निर्माण कार्य भई १९२८ मा पूरा भएको भारतको उत्तरप्रदेशको लखिमपुर खिरी जिल्लाको शारदा बाँध र सन् १९८१ मा निर्माण भई १९९५ मा सम्पन्न भएको टनकपुर बाँध नै रहेका छन् । यी तीनवटै बाँधका कारण कञ्चनपुर सदैव बाढीबाट प्रभावित हुँदै आएको छ "(भट्ट, २०७७) । यस जिल्लाको हकमा २०७८ को जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाले जिल्लाका ९वटै स्थानीय तहको प्राकृतिक तथा गैरप्राकृतिक जोखिमहरूका विगतका अवस्था र सम्भावित जोखिम समेतका आधारमा बेला-बेलामा प्रतिकार्य योजना र समितिहरू बनाउँदै आएको उल्लेख गरेको छ । कञ्चनपुरको विगतलाई हेर्दा मल्लीमाल र तल्लीमालको परिचय सन् १८१६ को सुगौली सन्धिबाट कालीनदी पश्चिमको सम्पूर्ण भू-भागसँगै तराईंको यो भू-भाग ईष्ट ईन्डियामा गाभिएको थियो । तर सन् १८६० को प्रत्यावर्तन सन्धिका कारण जंगवहादुर राणाको विर्ताका रुपमा  कैलाली, कञ्चनपुर, बाँके र बर्दियाको भू-खण्ड नयाँ मुलुकका रुपमा नेपालले प्राप्त गरेको इतिहास छ । कञ्चनपुरलाई मल्लीमाल र तल्ली मालको पहिचान नै ३० प्रतिशत भावर वा तराईको आधार अनि १० प्रतिशत चुरे पहाडी क्षेत्र भएकैले हो भन्ने मान्यता छ । (कञ्चनपुरको औसत तापक्रम ३०.५ डिग्री सेल्सियस र अधिकतम् ४३ डिग्री सेल्सियससम्म पुग्ने गरेको छ । पुस र माघ महिनामा भने न्यूनतम २.५ डिग्री सेल्सियस सम्म झर्ने गरेको छ तथ्याङ्कले देखाउँछ ।नेपाल कसरी र कहिलेदेखिविपद् जोखिमको भागिदार जनअन्जानमा बन्दै आयो त भन्ने सवाललाई केलाउने हो भने तत्कालिन श्री ३ राणा प्रधानमन्त्री चन्द्रशमशेर र ब्रिटिस इन्डिया कम्पनी सरकारबीच सम्झौता भएपछि महाकाली नदीमा शारदा बाँध निर्माण सुरु गरिएको थियो। "त्यो बेला नेपालले ब्रिटिस इन्डियालाई सट्टाभर्ना पाउने सर्तमा नेपाली भूमिमा शारदा ब्यारेज निमार्ण भयो। तर,

नेपालले अहिलेसम्म त्यसको सट्टाभर्ना पाएको छैन। सम्झौताअनुसार नेपालले शारदा बाँधबाट हिउँदमा ३ सय ५० क्युसेक र वर्षायाममा १ हजार क्युसेक पानी पाउने व्यवस्था छ। तर, भारतले सोअनुसार पानी नेपाललाई हालसम्म दिएको छैन" (अवस्थी, २०७७) ।

कञ्चनपुर जिल्लाको ४ लाख ५१ हजारभन्दा बढी जनसंख्याले हरेक बर्ष बाढी, डुवान, शीतलहर, हावाहुरी बतास, वन आगलागी तथा जंगली जनावरबाट हुने विपद् जोखिमको सामना गरिरहेकाछन् । "जिल्लाका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि ह्युगो कार्य संरचना २००५-२०१५ ले मार्ग निर्देशन गरे अनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१७-२०३० कै आधारमा जिल्लाको विपद् व्यवस्थापन लक्ष्य लिएको देखिन्छ तर प्रत्येक वर्ष विपद्को अवस्था पुनरावृत्ति भइरहेको छ भने विपद् जोखिम पूर्वतयारी तथा प्रतिकार्य योजनालाई आधार मानेर गठन गरिएका समितिहरूको भूमिका बैठकमा मात्र सीमित हुने गरेको छ "(विष्ट, २०७४) ।

जिल्लाका सम्भावित प्रकोपहरूमध्ये भूकम्प, बाढी, डुबान, आगलागी, रोगको महामारी, पंक्षिजन्य रोग बर्डफ्लु, शीतलहर, जङ्गली जनावरको आतङ्क, किट आतङ्क, चट्याङ, असिनापानी, तथा मौसमी सुख्खालाई पहिचान गरिएको भएपनि यस्ता विपद्को पूर्वतयारी र प्रतिकार्य योजनाहरू केवल योजनामै सीमित हुन पुगेका छन् । जिल्लाका ९ वटा स्थानीय तहहरूमध्ये बाढी, डुबान तथा नदी कटानको उच्च जोखिममा रहेका लालझाडी गाउँपालिका, कृष्णपुर नगरपालिका तथा सदरमुकाम भिमदत्त नगरपालिकालाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले समेटेको छ । यस तथ्याङ्कले तीनवटा पालिकाको प्रभावित हुने कूल जनसंख्यामा ६५ हजारभन्दा बढी रहेको छ भने ११ हजार भन्दाबढी घरधुरी प्रभावित हुने आँकलन स्थानीय विपद् तथा जलवायु अनुकूलन उत्थानशील योजना २०७५ मा किटान गरिएको पाइन्छ । यसै आधारमा विपद् प्रतिकार्य योजनाको प्रभावकारी समन्वय र कार्यान्वयनका लागि जिल्लाका ९ वटै गाउँपालिका र नगरपालिकाका प्रमुखहरूलाई सातवटा विषयगत क्षेत्रको सम्पर्क व्यक्ति तोकी सूचना प्रवाह गर्ने भूमिका प्रदान गरिएको देखिन्छ । त्यसका अतिरिक्त प्रारम्भिक द्रुत खोज तथा उद्धार टोलीको संरचनालाई जिल्ला विपद् व्यवस्थापन समितिले परिचालन गर्न सक्ने अवधारण पनि कञ्चनपुर जिल्लामा लागु भएको छ । कञ्चनपुर जिल्लाको हकमा "वि.सं २०७० सालमा विना सूचना भारतको उत्तराखण्डस्थित पिथौरागढमा रहेको धौलीगंगाको बाँध खोलिएपछि महाकाली नदीमा बाढी आउँदा दार्चुला सदरमुकामका सयौं घरबार तथा दर्जन सरकारी कार्यालय बगाउँदा अर्बौंको क्षति पुगेको थियो । उता महाकालीमा पानीको बहाव बढ्दा तटीय क्षेत्रका सयौं परिवार विस्थापित भए ।" (आचार्य, २०७८ महाकाली सन्धीका कारण प्रत्येक वर्ष डुवानमा पर्छन् नागरिक, छैन पूर्व तयारी)

यसका अतिरिक्त "कैलालीमा निर्माणाधीन ६२ किलोमिटर लामो हुलाकी सडकका कारण पनि भजनी नगरपालिकाको वडा नम्बर ३, ५ र ८ बढी प्रभावित हुने गरेको छ । 'हुलाकी सडकले ड्यामको जस्तो काम गरेको छ यसले, गर्दा बस्तीमा पानी पस्ने र हजारौं घर डुवान पर्ने गरेका छन् । बाढी तथा डुबान नियन्त्रण गर्न संघीय सरकारले पहल गर्नुपर्छ । स्थानीय जनप्रतिनिधि कैलालीको पूर्वी तथा दक्षिणी क्षेत्र हरेक वर्ष बाढी तथा डुबानको चपेटामा पर्दै आए पनि रोकथामका लागि ठोस योजना अझैं अघि बढ्न सकेका छैनन् । भारतले निर्माण गरेका बाँधका कारण नेपाली भूमिमा डुबानको समस्या झन् बढेको छ" (ऐर, २०७७) ।


**संघीय, प्रादेशिक तथा स्थानीयगत आधारमा विपद् न्यूनीकरणको नीतिगत ब्यवस्था**

राष्ट्रिय विपद् प्रतिकार्यका लागि कार्य सञ्चालन विशेष व्यवस्था अन्तर्गत विपद् प्रतिकार्य कार्य ढाँचाको प्रभावकारी कार्यान्वयनको लागि केन्द्रीय तहमा कार्य सञ्चालनको विशेष व्यवस्था गरिएको पाइन्छ । जस अनुसार विपद् प्रतिकार्यको लागि गरिने पूर्वतयारी अन्तर्गत विपद्सम्बन्धी सूचना तत्काल प्राप्त गर्ने, विश्लेषण गर्ने र उपयुक्त माध्यमहरूबाट प्रवाह गर्ने, क्षतिको लेखाजोखाका लागि तयारी, नियमन, जनचेतना तथा क्षमता अभिबृद्धि गर्ने, समन्वय र राहत सामग्रीको पूर्वव्यवस्था तथा बन्दोबस्ती मिलाउने जस्ता क्रियाकलापहरू पर्दछन्  (राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७१) ।

सुदूरपश्चिम प्रदेश सरकारले तयार गरेको स्थानीय तहको तल्लो इकाई देखि उपल्लो निकायसम्मको काम कारवाही तथा जिम्मेवारीलाई प्रादेशिक विपद् व्यवस्थापन निर्देशिका २०७७ मा समेटेको कुरा तस्विर २ मा छ । यस निर्देशिकाले जोखिम क्षेत्र तथा जोखिममा रहेका समूह, बर्ग वा परिवारको पहिचान गर्ने, उद्धार सामग्रीको व्यवस्था गर्ने, आपत्कालीन कार्य सञ्चालन गर्ने तथा गोदाम घर को व्यवस्था गर्ने, खोज तथा उद्धारको कार्य गर्ने तथा राहत वितरणका कार्य गर्ने सम्बन्धी विशेष प्रावधानहरू प्रस्तुत मार्गचित्रमा देखाइएको छ ।

*तस्विर २*

सुदूरपश्चिम प्रदेश सरकारले तयार गरेको स्थानीय तहको तल्लो इकाईदेखि उपल्लो निकायसम्मको काम कारवाही तथा जिम्मेवारीलाई प्रादेशिक विपद् व्यवस्थापन निर्देशिका २०७७




*स्रोत: प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रादेशिक विपद् व्यवस्थापन निर्देशिका २०७७,*

नेपालमा राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा २०७१ (संसोधित २०७५) ले विपद्को अवस्थामा जोखिम रहेका समूहको संरक्षण, गर्भवती महिला तथा नवजात शिशु, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका समूह, दीर्घ रोगी, किशोर-किशोरी तथा पशुचौपायाको संरक्षण र हेरचाहका लागि राहत सामाग्री वितरण गर्दा प्रथमिकताका साथ सेवा उपलब्ध गराउनु पर्ने व्यवस्था समेत गरेको छ। माथि उल्लेखित कुराहरूलाई ध्यानमा राखेर सुदुरपश्चिम प्रदेश सरकारले संघीय कानूको अधीनमा रही प्रदेश जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ तर्जुमा गरी लागु समेत गरिसकेको अवस्थामा यस प्रदेशका विपद् जोखिमको पहिचान तथा राहत वितरण सम्बन्धी पनि विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका २०७६ कार्यान्वयनमा ल्याई सकेको पाइन्छ। यिनै ऐन कानूका आधारमा प्रदेश विपद् व्यवस्थापन परिषद्, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कोशको प्रावधान समेत राखिएको छ। यस निर्देशिकाले जोखिम क्षेत्र तथा जोखिममा रहेका समूह, बर्ग वा परिवारको पहिचान गर्ने, उद्धार सामग्रीको व्यवस्था गर्ने, आपत्कालीन कार्य सञ्चालन गर्ने तथा गोदाम घरको व्यवस्था गर्ने, खोज तथा उद्धारको कार्य गर्ने तथा राहत वितरणका कार्य गर्ने सम्बन्धी विशेष प्रावधानहरू समेटेको छ (प्रादेशिक विपद् व्यवस्थापन योजना २०७७, सुदूरपश्चिम प्रदेश सरकार)। यसरी विभिन्न ऐन कानून तथा नीति निर्देशिका मार्फत् मानवजाति, जीवजन्तु, वनस्पति, वायुमण्डल तथा भौगर्भिक वस्तुमाथि हुनसक्ने प्रतिकूल असरलाई कम गर्ने लक्ष्य र उद्देश्य किटान गरी तद्अनुसार प्रदर्शन गर्ने भनिएको छ। असोचनीय र अकल्पनीय मानवीय तथा भौतिक सम्पत्तिको क्षति गराउने खालका बाढी, पहिरो, आगलागी, उष्णप्रदेशीय महामारी जस्ता प्रकृति तथा गैर प्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्यासित कारणले उत्पन्न हुने विशेष परिस्थितिमा प्रदेश सरकारले तत्काल त्यस्तै कार्यहरू सम्पादन गर्न प्रदेश आकास्मिक कोष ऐन २०७५ कार्यान्वयनमा ल्याएको छ। यद्यपि अपेक्षा गरे बमोजिमको नतिजा भने प्रभावित जनसमुदायले गर्न नसकेका गुनासाहरू चाङ् लागेर थुप्रिएका छन्।

## विपद्को समयमा मिडियाको भूमिका

जनताले सबैभन्दा पहिले अपेक्षा, विश्वासवा महसुस गर्ने भनेकै सञ्चारकर्मीवा सञ्चार माध्यम नै हुन्। जो राज्य वा गैरराज्य पक्षभन्दा पहिले नै सम्बन्धित घटनास्थल वा परिवेशमा उपस्थित भइसक्नु पर्छ भन्ने मान्यतामा आधारित हुन्छन्। तर कतिपयसञ्चार माध्यमले जोखिम वा विपद्को भयावह वा कहाली लाग्दो नकारात्मक चित्रण गरी हतारको उपज बन्ने गरेका उदाहरणहरू बग्रेल्ती छन्। यसो हुनुको मुख्य दोष भनेकै जोखिम वा विपद् व्यवस्थापन तथा न्यूनीकरणको सवालमा गम्भीर नहुनु वा महत्व नबुझ्नु नै हो। प्रायः सञ्चार माध्यमहरू परम्परागत सोच अन्तर्गत विपद्को सवाललाई राज्यको दायित्वसँग जोडेर मात्रै सम्बोधन गर्ने गर्दछन्। यस किसिमको साँघुरो सोचाइकै कारण हरेक विपद्मा राज्यपक्षको अनुपस्थिति तथा कमजोरीको बिषयलाई बढाइचढाई लेख्नु वा टिप्पणी गर्नु भनेको दूरगामी असर प्रभावको आँकलनसम्म गर्ने क्षमताको अभाव हो भन्ने त प्रष्ट हुन्छ। यस किसिमको सोच र मानसिकताबाट बाहिर ल्याउन सञ्चारकर्मीलाई सरकारी तथा गैरसरकारी तहबाट समय

समयमा विपद् जोखिम पूर्वतयारी, न्यूनीकरण तथा व्यवस्थापनका सवालमा अनुप्रशिक्षण, प्रशिक्षण, आवधिक तालिम तथा पूर्वतयारीका कोर्यसँग जोड्नु पर्ने देखिन्छ । विशेषगरी अन्तर्राष्ट्रिय अभ्यास र अनुभवलाई साँटासाँट गर्ने तथा राष्ट्रिय स्तरका जोखिम वा विपद्का सवालहरूलाई उठान गर्ने तरिका एबम् प्रयोग गरिने प्रविधि वा उपायहरूबारे पनि कार्यशाला गोष्ठी, तालिमका अतिरिक्त अनुप्रशिक्षणहरूबाट पत्रकारलाई क्षमतावान सिकाउनुपर्ने हुन्छ । विपद्को समयमा मानिसहरू आफूले आँखा अगाडि जे देख्न सकेका छन् त्यत्ति मात्रै हो भन्ने ठान्दछन् । यस्तो अवस्थामा विशेषगरी रेडियो, टेलिभिजन वा अनलाइन माध्यममार्फत् विपद्को व्यापकता र प्रभावका बारेमा तथ्यगत अवस्था बताउन सक्छन् । प्राप्त सूचनाका आधारमा मानिसले आफू यथास्थानमा रहने कि भाग्ने वा भागेर कुन दिशातिर भाग्ने भन्ने तत्कालै सही निर्णय लिन सक्दछन् । विपद्को तत्कालीन अवस्थामा आमसञ्चार माध्यमहरूले राहत र उद्दार, सहयोग र पुनर्निर्माणका पक्षमा भए गरेका काम कारवाही बारे सूचना दिने र समुदायका आवाजहरू सम्बन्धित निकायसम्म पुर्‍याउन सक्दो पहलकदमी गरेकै हुनुपर्छ ।

त्यसका अतिरिक्त विपद्को समयमा मिडियाको भूमिका खास हुने भएकोले स्थानीय सबै मिडियाले आफूले भ्याएसम्म सम्भावित विपद् जोखिम सम्बन्धी समयमै जनसमुदायलाई तथ्यगत सूचना प्रवाह गर्ने, स्थानीय समुदायलाई विपद् जोखिम न्यूनीकरणका लागि आ-आफ्नै तहबाट तत्कालै चालिनुपर्ने कदमबारे आवश्यक सल्लाह सुझाव दिन, देशको शासकीय संरचनाको आधारमा तीनै तहका सरकार तथा दातृ साझेदार निकायका काम कारवाहीबारे समयमै सुसूचित गराउने, आफ्नो स्थानीय तह वा क्षेत्रका हकमा पहिचान भएका अनि अति जोखिममा रहेका सीमान्तीकृत समुदायका सवाल र उनीहरूको कल्याणका लागि जति सक्दो सन्तुलित तथा स्पष्ट सूचना प्रवाह गर्ने प्रयत्न गरिनुपर्छ । जसको कारण मिडियाको सकारात्मक पहल तथा प्रयासबाट स्थानीय सर्वसाधारण र सरोकारवाला निकायले समेत लाभ लिन सकोस् । मिडियाकै सक्रियताको परिणाम स्वरूप सबै भन्दा प्रभावित हुनसक्ने समुदाय, वर्ग, लिङ्ग, तिनका आफन्त, छरछिमेकी तथा परिवारहरूबीच तत्कालै सञ्चार माध्यममार्फत् सहजीकरणको पहल गरेर उद्धार कार्यलाई प्रभावकारी बनाउन सकिन्छ । विपद्को समयमा सर्वप्रथम मिडियाकै खोजी हुने भएकोले प्रभावितहरूको आवश्यकता पूर्तिलाई प्रमुख मुद्दा बनाई सम्बद्ध निकायसँग आवाज उठाउन पहल गर्ने, विपद् पश्चात् उत्पन्न हुनसक्ने थप जोखिम तथा क्षतिका सम्भावनाहरूबारे छिटोछरितो सञ्चार गरी सम्बद्ध निकायलाई कार्यबोध गराउने तथा विपद्को थप घटनाक्रम बृद्धि वा उतार चढावबारे सूचना अद्यावधिक गर्न प्रयत्नशील हुनुपर्छ । त्यसका अतिरिक्त मिडियाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलित मापदण्ड अनुरूप राहत तथा उद्दारका कार्य भएको वा नभएको सचेत अनुगमन-निगरानी गर्नुका साथै वितरण हुने राहत वा उद्धारमा सक्रिय संघ संस्थाहरूलाई खास पीडित एवम् प्रभावितहरूबारे पनि सत्यतथ्य विवरण उपलब्ध गराउने दायित्व निर्वाह गर्नैपर्छ ।

## निष्कर्ष

यस अध्ययनबाट के स्पष्ट हुन्छ भने विपद्का कारण उत्पन्न भएको अवस्था तथा क्षतिको एकिन तथ्य-तथ्याङ्क सार्वजनिक गर्न राज्यपक्ष आनाकानी गरिरहेको छ । विपद्ले निम्त्याएको भयावह स्थितिलाई टालटुल गर्नुभन्दा पनि त्यसबाट माथि कसरी उठ्न सकिन्छ भन्ने योजना तय गर्नका लागि दातृ निकायका साथै आमसञ्चार माध्यम सहितको तीव्र प्रतिकार्य टोलीको आवश्यकता बोध गरिनुपर्छ । जसमा आमसञ्चार माध्यमले विपद् जोखिम व्यवस्थापनका लागि सक्रिय सबै निकायसँग प्रत्यक्ष सम्पर्कमा रहेर कार्य योजना बमोजिम कार्य सम्पादनका लागि दबाब सिर्जना समेत गर्न सक्नुपर्छ । तर नेपालमा पत्रकारिताको अभ्यासका सवालमा कतिपय पत्रकार पत्रकारहरू बिचमै असामञ्जस्यता तथा असहयोगी भावनापैदा हुने कारण विपद्का सवालमा अपुष्ट र हचुवाको भरमा तथ्याङ्कहरू सार्वजनिक हुने गरेका छन् । त्यसका अतिरिक्त सम्बन्धित सरोकारका सार्वजनिक सूचना प्रवाह गर्ने संयन्त्रहरूसँग आपसी द्वन्द्व तथा समझदारीको अभावले पनि विपद्को समयमा भ्रामक र गलत सूचनाको अत्यधिक खेति हुने गरेका प्रमाणहरू थुप्रै भेटिन्छन् । साथै भाषिक दक्षताको अभाव पनि अर्को एककारक पक्ष हो ।  कतिपय घटनाहरूको पुष्टिकर्ता निकायलाई छल्ने प्रवृत्तिलेपनि विपद् पूर्व र पश्चात्  सञ्चार माध्यमले  भ्रम वा द्विविधाको विजारोपण  गर्ने खतराउत्तिकै छ । त्यसमा जनप्रतिनिधि वा राजनीतिक व्यक्तिको आग्रह वा पूर्वाग्रहको आधारमा आफ्नो स्वार्थको पूर्ति हुनेगरी सूचना सम्प्रेषण एवम् प्रवाह गर्ने परिपाटी राष्ट्रिय सञ्चार माध्यमभन्दा स्थानीय सञ्चार माध्यममा बढी देखिन्छ । यस किसिमको पेशागत आचार, नैतिकतार सम्पादकीय नीति विपरितको पत्रकारिता अभ्यासले राज्य पक्षलाई चिढाउँछ भने पेशागत धज्जी समेत उडाउँछ । त्यसैले विपद्जोखिम न्यूनीकरणतथा व्यवस्थापनसम्बन्धी समाचार सङ्कलन तथा सम्पादनको आन्तरिक  मापदण्ड वा  निर्देशिका सबैं सञ्चार माध्यमले तयार गरी लागु गर्न जरुरी छ । सर्वसाधारण  जनताको जीउधनको रक्षार्थ खटिएका सम्बद्ध निकायसँग आपसी सहकार्य र साझेदारी गर्ने सोच पनि विकास गर्नु अत्यावश्यक भइसकेको छ । विपद् जुनसुकै बेला जस्तोसुकै स्वरूपमा उत्पन्न हुने भएकोले सबैले आफ्नो तर्फबाट पूर्वतयारी, न्यूनीकरणतथा व्यवस्थापनका व्यावहारिक र परिणाममुखी योजनाहरू तयार गरेको हुनैपर्छ भन्ने मान्यतालाई मनन गर्न ढिलाइ गर्नु हुँदैन ।

विपद् अवश्यमभावी छ, तर विपद्बाट राज्यले जनतालाई वचाउन वा सुरक्षित गर्न गर्नै पर्ने सम्पूर्ण प्रकारका तयारी तथा योजनालाई जोखिम पूर्व र पश्च कसरी कार्यान्वयनमा ल्याउन सकिन्छ भन्ने कुराको नियमन र निगरानी पनि सञ्चार माध्यमले गरेकै हुनुपर्छ । यसमा जति प्रभावकारी, निष्पक्ष तथा तटस्थताको भूमिका आमसञ्चार माध्यमले निर्वाह गर्न सक्छ त्यसै आधारमा विपद्को समयमा सत्य-तथ्य, पूर्वाग्रहरहित, विश्वसनीय र ठोस सूचनालाई समाचार वा विचारका रूपमा प्रेषण गर्न सफल भएको भन्ने समाजलाइ महसुस हुनेछ । मानवीय जोखिम वा विपद्बाट सचेत बनाउने सूचना प्रवाह गर्ने मिडिया क्षेत्रको भूमिकालाई अझ प्रभावकारी र सशक्त वनाउन, सन्तुलित एबम् विश्वसनीय समाचार सम्प्रेषण गर्ने अभ्यास सुनिश्चत गर्न विश्वविद्यालयहरूले पाठ्यक्रम निर्माणमा

जोड दिनु आजको मुख्य आवश्यकता हो भन्ने वोध गर्नुपर्छ । “विपद्को समयमा सही सूचना र सञ्चारको अभावले समस्या अझ बढ्ने र जनधनको व्यापक क्षति हुने सम्भावना रहन्छ । त्यस्तोबेला प्रभावित समुदायलाई केही आधारभूत प्रश्नहरूको जवाफ चाहिन्छ । जस्तै के भएको हो ? हामीले के खाने ? बस्ने ठाउँ र खानेपानी कहाँ पाउन सक्छौं ? परिवारको कुनै सदस्य हराइरहेको छ भने हामी के गर्न सक्छौं? रोगजन्य महामारी फैलिन नदिन हामी के गर्न सक्छौं?” (श्रीधरण र अन्य, २०१९)

विपद् व्यवस्थापन, पूर्वतयारी र विपद् जोखिम न्यूनीकरणमा छापा तथा विद्युतीय सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका अहम् हुन्छ । त्यसमा पनि समुदायमा आधारित सामुदायिक सञ्चारमाध्यमहरूले तत्काल समुदायसम्म पुगेर यथार्थ र वास्तविक जानकारी लिन सक्छन् । किनभने विपद् के हो? र विपद् जोखिमका सम्भाव्य अवस्था के के हुन् ? त्यसता विपद् जोखिमबाट उत्पन्न हुने मुख्य खतरा वा चुनौतीहरू के के हुन्? विपद् जोखिमको सम्बोधनका लागि गनुपर्ने पुर्वतयारी के के हो ? आइपर्ने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका योजना एबम् रणनीति के के हुनसक्छन् ? भन्ने नवचेतना र दृष्टि प्रदानकर्ताको भूमिका मिडियाकर्मीको नै रहन्छ भन्ने विश्वव्यापी मान्यता छ । त्यसका लागि सरकार पक्ष तथा आमसञ्चार माध्यमले विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापनका सवालमा गर्नै पर्ने कुराहरूमा सर्वप्रथमतः विपद् न्यूनीकरणका लागि सर्वसाधारण, युवा समूह, दबाब समूह, सुरक्षा निकाय तथा सञ्चारकर्मीलाई आवश्यक अभिमुखीकरण वा तालिम दिने, स्थानीय सरकार तथा सम्बद्ध निकायले सञ्चार माध्यमसँग सहकार्य गरेर विपद् अगाडि तथा विपद्को समयमा जतिसक्दो छिटोछरितो रूपमा जोखिमबाट बच्ने उपाय सम्बन्धी सूचनाहरु बारम्बार प्रेषण गर्नुका साथै विपद् जोखिमको पहिचान, न्यूनीकरण तथा व्यवस्थापनका लागि तथ गरिएका योजना तथा नीतिगत प्रयासबारे माइकिङ्ग गर्ने वा अति संबेदनशील वर्गको उद्धारका लागि आर्थिक तथा प्राविधिक उपायहरूको प्रत्याभूति गर्ने कार्यमा पनि सहजीकरण गर्नुपर्छ । भनिन्छ, विपद् जोखिम न्यूनीकरणमा विज्ञ तथा स्थानीय जनसमुदायसँग हातेमालो गर्ने वा स्थानीय ज्ञान सिपको सदुपयोग र प्रबर्द्धन गर्ने हो भने जस्तोसुकै विपद्को सहजै न्युनीकरण तथा व्यवस्थापन हुन सक्छ । त्यसका लागि विपद् सङ्कटापन्न क्षेत्र वा पक्षको सही पहिचान गरी आपत्कालीन कार्य सञ्चालनका बारेमा मापदण्ड वा निर्देशिका बमोजिम टोली बनाउने वा स्रोतसाधनको जोहो गर्ने वा आन्तरिक प्रशिक्षण तय गर्ने जस्ता कार्यलाई तदारूकताका साथ अगाडि बढाउनै पर्ने हुन्छ । तसर्थ, विपद् पूर्व, विपद्को समयमा तथा विपद् पश्चात सरकारी निकायले आमसञ्चार माध्यमसँग सहकार्य गरेर स्थलगत अध्ययन भ्रमणहरू गरिराख्ने, प्रतिकार्य योजनाहरूको सुरक्षा निकायसँग मिलेर परीक्षण अभ्यास गराउने तथा स्थानीय जनताको सहभागितामा जोखिम विपद् न्यूनीकरण व्यवस्थापनका लागि आवश्यकता अनुरूप थप सूचना प्रणाली एवम् संयन्त्र जडान र निमार्ण गर्ने कार्य तत्कालै गर्न सकेमा मात्र राज्यले आफ्नो दायित्व सही ढंगबाट निर्वाह गर्न प्रयत्नरत रहेको जनताले महसुस गर्न सक्छन् ।

## सन्दर्भ सामग्री


अवस्थी, महादेव (२०७७), जसले डुबाउँछ दोधारा चाँदनी, अन्नपूर्ण पोष्ट दैनिक अनलाइन संस्करण, भाद्र ।

आचार्य, भानुभक्त (२०७८), महाकाली सन्धिका कारण प्रत्येक वर्ष डुबानमा पर्छन् नागरिकः छैन पूर्वतयारी, सुदूर डेली अनलाइन संस्करण, असोज ।

जोशी, पुष्पराज (२०७७), किन डुब्छ वर्षेनी कैलाली, नागरिक दैनिक अनलाइन संस्करण, श्रावण ।

ऐर, शेरबहादुर(२०७७), हरेक वर्ष दोहोरिन्छ कैलालीमा बाढी र डुबान, अनुमोदन दैनिक अनलाइन संस्करण, श्रावण ।

भट्ट, पल्लवराज (२०७७), महाकाली सन्धिः भ्रम र वास्तविकता, जनता टाइम्स अनलाइन संस्करण, असार ।

तुलाधर, गंगाधर(२०७६), विपद् प्राधीकरण अविलम्ब किन ? नयाँ पत्रिका अनलाइन संस्करण, असार ।

विष्ट, दिपेन्द्र (२०७४), कुन बाँधबाट कहाँ डुबान ? कान्तिपुर दैनिक अनलाइन संस्करण, भाद्र ।

रोकाया, शेखर (२०७७), स्थानीय तहमा विपद् व्यवस्थापन अवसर कि चुनौतिः प्रशासन अनलाइन, जेष्ठ ।

श्रीधरण, चिन्दु, थोर्सन, इनर, र शर्मा, निर्जना (२०१९), विपद् पत्रकारिता, काठमाडौं : युनेस्को ।

राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा (२०७५), नेपाल सरकार गृह मन्त्रालय ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (२०७६), धनगढी उपमहानगरपालिका ।

विपद् जोखिम न्यूनीकरणराष्ट्रिय नीति २०७५, नेपाल सरकार गृह मन्त्रालय ।

प्रादेशिकविपद् व्यवस्थापन योजना २०७७, सुदूरपश्चिम प्रदेश सरकार ।

विपद् तथा जलवायु अनुकूलन उत्थानशील योजना २०७५, नेपाल सरकार गृह मन्त्रालय ।

विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन (२०७४), नेपाल सरकार गृह मन्त्रालय ।

जिल्ला विप्द पूर्वतयारी तथा प्रतिकार्य योजना(२०७८), जिल्ला प्रशासन कार्यालय कैलाली ।

स्थानीयविपद् तथा जलवायु अनुकूलन उत्थानशील योजना (२०७५), नेपाल सरकार गृह मन्त्रालय ।

जिल्ला विपद् ब्यवस्थापन योजना तर्जुमा निर्देशिका (२०७६), नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालया ।

प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका (२०७६), सुदूरपश्चिम प्रदेश सरकार ।

स्थानीय स्वायत्त शासन ऐन (२०५५), नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

आपत्कालीन सञ्चार प्रणालीको तहगत आबद्धता सञ्चालन मापदण्ड (२०७७), नेपाल सरकार गृह मन्त्रालय ।

मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना (२०७७), नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन प्राधीकरण, बबरमहल, काठमाडौं ।

Kafle, S. K. (2017). *Disaster early warning systems in Nepal: Institutional and operational frameworks.* Disaster and Climate Change Study Centre, Nepal (DCCSC Nepal), Kathmandu, Nepal.

KC, A., Gan, C. C. R., & Dwirahmadi, F. (2019). Breaking through barriers and building disaster mental resilience: a case study in the aftermath of the 2015 Nepal earthquakes. *International Journal of Environmental Research and Public Health*, *16*(16), 2964.

National Disaster Management Guidelines, National Disaster Management Information and Communication System (NDMICS) 2011.

Rawat, P., Haddad, M., & Altman, E. (2015, November). Towards efficient disaster management: 5G and Device to Device communication. In *2015 2nd International Conference on Information and Communication Technologies for Disaster Management (ICT-DM)* (pp. 79-87). IEEE.